फोन नं.: ०३३–४०३०६३
E- kalyanpurmun2073@gmall.com
w -Kalyanpurmun.gov.np

# कल्याणपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर
जिल्ला-सिरहा
मधेश प्रदेश, नेपाल


## औषधि उपचार बापत खर्च प्राप्त गर्नका लागि आवेदन पेश गर्ने सम्बन्धी सुचना

**सुचना प्रकाशित मिति : - २०७९।०५।२४**

प्रस्तुत विषयमा श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं. २०७८।०७९ चलानी नं. ५१५ मिति २०७९।०२।१८ तथा श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (स्वास्थ्य समन्वय माहाशाखा) को प.सं. (१)२०७८।७९ चलानी नं. ७१२ (PCS) मिति २०७९।०२।१७ को प्राप्त पत्रानुसार "मृगौला प्रत्यारोपन गरेका, डायलाइसिस गरिरहेका, क्यानसर रोगी र मेरुदण्ड पक्षाघातका बिरमीलाई औषधि उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि,२०७८" बमोजिम यस नगरपालिका क्षेत्र भित्र स्थायी बसोबास गरिरहेका सम्बन्धीत रोगका बिरामीहरुलाई औषधि उपचार खर्च बापत मासिक पाँच हजार रुपैयाका दरले त्रैमासिक रुपमा महिनाको अन्तिम दिन यस नगरपालिकाबाट लाभग्राहिको बैंक खातामा उपलब्ध गराईने भएका हुदा यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपशिल अनुसारका कागजातहरुका साथै आ-आफ्नो वडाको वडा कार्यालयबाट अनुसूची – २ प्रमाणित गराई आर्थिक रुपमा विपन्न रहेको र औषधि उपचार खर्च उपलब्ध गराई दिनका लगि सिफारिस सहित आफ्नो वडा कार्यालयमा आवेदन दिन हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

<u>तपशिल</u>

| पेश गर्नु पर्ने कागजातहरु | उपचार खर्च उपलब्ध नहुने अवस्थाहरु |
|---|---|
| १. नागरिक्ता प्रमाणपत्रको प्रतिलिपी ।<br>२. नावालकको हकमा जन्मदर्ताको प्रतिलिपि<br>३. अनुसूची - १ बमोजिम चिकित्सकको सिफारिस ।<br>४. मेरुदण्ड पक्षघातको हकमा अपाङ्गता सम्बन्धी प्राप्त गरेको रातो वा नीलो कार्डको प्रतिलिपि ।<br>५. अनुसूची – २ बमोजिमको निवेदन<br>६. सम्बन्धित वडाको सिफारिस<br>८. सम्बन्धित विरामीको माछापुच्छ्रे बैंक लिमिटेडमा रहेको खाता नं (चेक बुकको प्रतिलिपि पेश गर्नु पर्ने) । अशक्त विरामिको हकमा संरक्षक / हकबाला व्यक्तिको वडा कार्यालयबाट नाता प्रमाणितको कागजात पेश गर्नु पर्ने । | • नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको संस्था वा संगठन संस्थाबाट रोजगारी / निवृतिभरण वा बिदेशी सरकारबाट रोजगारी / पेनसन प्राप्त गरिरहेका व्यक्ति भएमा ।<br>• नेपाल सरकारबाट उपलब्ध गराईदै आएको जेष्ठ नागरिक भत्ता, एकल महिला भत्ता, दलित भत्ता, पिछडीएको भत्ता, अपाङ्ग भत्ता लगायत नेपाल सरकारबाट साबिकमा पाई आएको सामाजिक सुरक्षा भत्ता वा यस निर्देशिका बमोजिम उपलब्ध उपलब्ध गराईने मध्ये कुनै एक किसिमको भत्ता / मासिक वृति मात्र प्राप्त गर्न सक्नेछन् ।<br>• मृगौला प्रत्यारोपन गरेका, डायलाइसिस गरिरहेका, क्यानसर रोगी र मेरुदण्ड पक्षाघातका बिरमीलाई औषधि उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि,२०७८ मा उल्लेखित एक भन्दा बढी रोग लागेका व्यक्तिले दोहोरो पर्ने गरी यस किसिमको भत्ता प्राप्त गर्ने छैन । |

बोधार्थ

श्री वडा कार्यालय सबै, कल्याणपुर न.पा. सिरहा ।

(थप जानकारीका लागि कल्याणपुर नगरापालिकाको स्वास्थ्य शाखामा सम्पर्क गर्न हुन अनुरोध छ ।)

...............

(विष्णु रन्जन बराल)
प्रमुख प्रशासकीय अधिकृत